**प्रस्तावहरुः**

२०७७।०७८-०३।०१ आर्थिक बर्ष २०७७।०७८ को लागी **स्थानीय दररेट निर्धारण** गर्ने सम्बन्धमा

२०७७।०७८-०३।०२ रुपा गाउँपालिका कास्कीको **खर्चको मापदण्ड २०७७** स्विकृत गर्ने सम्बन्धमा।

२०७७।०७८-०३।०३ रुपा गाउँपालिका कास्कीमा **जनता आवासको लागी लाभग्राही छनौट** गर्ने सम्बन्धमा।

२०७७।०७८-०३।०४ रुपा गाउँपालिका कास्कीको **पाइप, तार जालीको राजश्व निर्धारण**।

२०७७।०७८-०३।०५ कोरोना भाइरस नियन्त्रण रोकथाम सम्बन्धमा।

२०७७।०७८-०३।०६ आर्थिक बर्ष २०७६।०७७ को आम्दानी खर्च विवरण सम्बन्धमा।

२०७७।०७८-०३।०७ प्राकृतिक तथा नदिजन्य पदार्थको उत्खनन सम्बन्धमा ।

२०७७।०७८-०३।०८ आर्थिक बर्ष २०७६।०७७ मा भुक्तानी बाँकी योजना सम्बन्धमा ।

२०७७।०७८-०३।०९ बिबिध सम्बन्धमा।

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा।

**निर्णयहरुः-**

**कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०१**

आर्थिक बर्ष २०७७।०७८ को लागी रुपा गाउँपालिकाको स्थानीय दररेट स्विकृत गर्ने तथा JCB जेसिभि मेसिनको प्रतिघण्टा रु २२००। स्काभेटर प्रतिघण्टा रु ५५०० ट्याक्टर ढुवानी बापत दैनिक रु ६५०० रेट निर्धारण गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०२**

**रुपा गाउँपालिका कास्कीको खर्चको मापदण्ड, २०७७** स्विकृत गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०३**

गाउँपालिकाभित्रका खर फुसको छाना भएका व्यक्तिहरुलाइ जनता आवास कार्यक्रमको लाभग्राहीको रुपमा छनौट गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०४**

आर्थिक बर्ष २०७७।०७८ को लागी गाउँपालिकाबाट प्रदान गरिने पाइप, तार, जाली बापत गाउँपालिकामा बुझाउनुपर्ने शुल्क देहायबमोजिम निर्धारण गर्ने।

देहायः

-पाइप ३२ mm सम्मको प्रति मिटर रु २।

-पाइप ३२ mm देखी ६३ mm सम्मको प्रतिमिटर रु १०।

-पाइप ६३ mm देखी माथिको पाइप प्रतिमिटर रु ५०।

-जाली प्रति जाली रु १००।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०५**

क) हालसम्म कोरोना भाइरस रोकथामको लागी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा हालसम्म भएको आम्दानी रु २,४६,६४,३६५ । हालसम्मको खर्च रु १,१९,००,५३२ र मौज्दात रहेको रकम रु १,२७,६३,८३३ रहेको विवरण जानकारी प्राप्त भयो।

ख) कोरोना रोकथाम कोषबाट भुक्तानी दिन बाँकी क्वारेन्टिन व्यवस्थापन रकम भुक्तानी दिने।

ग) चाडपर्वको समयमा कसरी व्यवस्थापन गर्ने सम्बन्धमा वडागत कोरोना ब्यवस्थापन समिति निर्माण गरी सोसमिति लाइ सकृय तुल्याउने जसमा प्रत्येक टोल सुधार समितिको अध्यक्ष, आमा समुह र क्लबको सदस्यहरुलाइ सहितको कोभिड व्यवस्थापन नियन्त्रण समिति निर्माण गर्ने।

घ) बिद्यालयहरु सञ्चालन कसरी ल्याउने सम्बन्धमा बिद्यालयहरुको सूझावको आधारमा नियमित सञ्चालन गर्न शिक्षा शाखा सँग समन्वय गर्ने सामाजिक विकास समितिको संयोजकत्वमा रहेको समितिको प्रतिवेदनका आधारमा आवश्यक निर्णय गर्ने।

ङ) गाउँपालिकाभित्र कुल १०२ जनाको लागी क्वारेन्टिनको क्षमता रहेको तथा १५ जनाको लागी आइसोलेशन बेड तयारी अवस्थामा रहेको, हालसम्म क्वारेन्टिनमा बसेका ब्यक्तीहरुको सख्या २०१ जना, पिसिआर परिक्षण भएको सख्या ६८३ जना, कोरोना भाइरस देखा परेको सख्या ११ जना सबै निको भइसकेका, निशुल्क एम्बुलेन्स सेवा प्राप्त गर्ने ९३३ जना रहेको विवरण जानकारी प्राप्त भएको ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०६**

आर्थिक बर्ष २०७६।०७७ को आम्दानी खर्चको विवरण उपर छलफल गरी आर्थिक बर्ष २०७६।०७७ को खर्च अनुमोदन गरी आन्तरिक लेखापरीक्षणका लागी कोष तथा लेखा नियन्त्रण कार्यालय पोखरालाइ पत्राचार गर्ने ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०७**

गाउँपालिकाभित्र रहेका प्राकृतिक श्रोत साधनको उच्चतम प्रयोग गरि गाउँपालिकाको आन्तरिक श्रोत वृद्धि गर्ने उद्देश्यले विर्दिखोलामा नदिजन्य पदार्थ ढुङ्गा गिट्टी को लागी आन्तरिक राजश्वको अनुमान न्यूनतम रु ५ लाख मात्र स्विकृत गरी सो खोलामा नदिजन्य पदार्थ उत्खन्न बिक्रि वितरणको लागी बोलपत्र आव्हान गर्ने ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०८**

गर्दा रुपा गाउँपालिका कास्कीको मिति २०७७।०४।०७ गतेको कार्यपालिका बैठकको निर्णय नं ४ अनुसार १ करोड १६ लाख ५८ हजार अनुसार तपशिल बमोजिमका योजनाहरु आर्थिक बर्ष २०७६।०७७ मा सञ्चालनमा रहिरहेको भएतापनी कोरोना भाइरसका कारण भएको लकडाउन तथा सामाजिक दुरी कायम गर्नुपर्ने भएकोले भुक्तानी हुन नसकेका निम्नानुसारका योजनाहरुको आर्थिक बर्ष २०७६।०७७ कै बिल भरपाइ तथा चालू आर्थिक बर्ष २०७७।०७८ को योजना अनुमगन तथा मूल्याङ्कन समितिको सिफारिसका आधारमा भुक्तानी दिनेगरी क्रमागत योजनाहरुको रुपमा राख्ने निर्णय गरियोः

निम्नः

| रुपा गाउँपालिका कास्की गण्डकी प्रदेश नेपाल | | | | |
|---|---|---|---|---|
| आ. व. २०७६/६७ का भुक्तानी दिन वाँकी योजनाहरुको लिष्ट | | | | |
| सि. न. | योजनाको नाम | वडा नं | भुक्तानी दिन वाँकी रकम | कैफियत |
| १ | शिद्धेश्वर अर्गानिक कृषि समुह(चक्लावन्दी ) | ४ | 1,50,000.00 | |
| २ | कोसेली घर निर्माण उपभोक्ता समिती | ६ | 2,00,000.00 | |
| ३ | शिद्धेश्वर अर्गानिक कृषि समुह(एक गाँउ एक उत्पादन) | ४ | 2,00,000.00 | |
| ५ | भिरपानी खानेपानी आयोजना | ५ | 1,00,000.00 | |
| ६ | देउराली स्वास्थ्य व्यवस्थापन | ५ | 44,800.00 | |
| ७ | दलितहरुको परम्परागत पेशा नविकरण विका परियोजना | ६ | 5,00,000.00 | |
| ८ | सिंडि बाटो तथा रेलिङ निर्माण | ५ | 50,000.00 | |
| ९ | फालचौर खेल मैदान | ३ | 28,000.00 | |
| १० | धरमडाँडा आपुखोला खानेपानी योजना | ६ | 1,28,000.00 | |

| | | | | |
|---|---|---|---|---|
| ११ | रामादि माउडाँडा सडक निर्माण मर्मत | ४ देखी ५ | 50,000.00 | |
| १२ | सिद्ध हेल्थ पोष्ट सरसफाइ | ४ | 1,00,000.00 | |
| १३ | माउडाँडा बहुउद्देशिय सामुदायीक भवन | ४ | 3,00,000.00 | |
| १४ | शिव मन्दिर निर्माण समिती | ७ | 3,50,000.00 | |
| १५ | छहरेखोला खानेपानी योजना | ५ | 3,55,000.00 | |
| १६ | उकाली ओराली निर्माण सेवा | १ देखी ७ | 30,00,000.00 | |
| १७ | गाँउपालिका स्तरीय खेलकुद मैदान | ६ | 15,00,000.00 | |
| १९ | रिठुमाला मन्दिर संरक्षण | १ | 4,20,000.00 | पेश्की लगेको। |
| २० | टोल विकास भवन माउडाँडा | ४ | 3,50,000.00 | पेश्की लगेको। |
| २१ | पिप्ले खानेपानी आयोजना | ७ | 5,98,500.00 | पेश्की लगेको। |
| २२ | चाँपपानी खानेपानी उपभोक्ता समिति | ४ | 4,90,000.00 | पेश्की लगेको। |
| २३ | दलित वस्ती बहुउद्देशिय भवन निर्माण समिति | २ | 3,50,000.00 | पेश्की लगेको। |
| २४ | जेष्ठ नागरिक दिवा मनोरञ्जन घर तथा पारिवारीक मिलान सचेतना केन्द्र रेडक्रस भवन निर्माण देउराली | ५ | 13,000.00 | पेश्की लगेको। |
| २५ | स्वास्थ्य चौकीमा दुइ कोठे भवन निर्माण समिति | ३ | 4,97,000.00 | पेश्की लगेको। |
| २७ | जेष्ठ नागरिक दिवा मनोरञ्जन घर तथा पारिवारीक मिलान सचेतना केन्द्र मुलपानी | ४ | 9,90,000.00 | पेश्की लगेको। |
| २८ | माझकोट भ्यु टावर निर्माण | २ | 3,54,500.00 | पेश्की लगेको। |
| २९ | जेष्ठ नागरिक दिवा मनोरञ्जन घर तथा पारिवारीक मिलान सचेतना केन्द्र सिर्कुतान | २ | 3,40,000.00 | पेश्की लगेको। |
| ३० | खानेपानी संरचना निर्माण (वडा न. १) | १ | 28,000.00 | |
| ३१ | गाँउपालिका स्तरीय भलिवल कोर्ट निर्माण | १ | 2,00,000.00 | पेश्की लगेको। |
| ३२ | रामादि रामकोट मोटर बाटो | ५ देखी ७ | 1,84,69,013.00 | समपुरक अनुदान तर्फको योजना |
| | जम्मा रकम | | **3,01,55,813.00** | |

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०७७।०७८-०३।०९**

क) सामाजिक सुरक्षा भत्ता सम्बन्धमा हालसम्मको अद्यावधिक तथ्याङ्क अनुसार आर्थिक बर्ष २०७७।०७८ को लागी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण निम्नानुसार रहेकोमा सो विवरणमा प्रचलित कानूनअनुसार लगत कट्टा गर्नुपर्ने व्यक्तिहरुसमेत रहेकोमा तत्काल सम्बन्धित वडा कार्यालयहरुलाइ पुन पत्राचार गरी लगत कट्टा तथा लाभग्राहीहरुको नामावली रुजू गरि पठाउन निर्देशन गर्ने।

निम्नः

| सामाजिक सुरक्षा नविकरण प्रथम चौमासिक प्रतिवेदन २०७७/०७८ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **सामाजिक सुरक्षा किसिम** | हालसम्म नविकरण भएका लाभग्राहीहरुको प्रतिवेदन | | | | | | | |
| | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | जम्मा |
| जेष्ठ नागरिक भत्ता (७० वर्ष माथि) | २२० | १९८ | १३३ | १४६ | ३४३ | ६०८ | ३२७ | **१९७५** |
| जेष्ठ नागरिक भत्ता (दलित) | १८ | २६ | २६ | ३१ | २३ | ४५ | ५६ | **२२५** |
| जेष्ठ नागरिक एकल महिला भत्ता | ४१ | ३३ | २१ | २७ | ४६ | ७८ | ६२ | **३०८** |
| बिधवा भत्ता | ३२ | १८ | २२ | २२ | ४० | ८३ | ५० | **२६७** |
| पूर्ण अपाङ्गता भत्ता क बर्ग | १५ | २१ | ७ | १० | ११ | २४ | १७ | **१०५** |
| अति अशक्त अपाङ्गता भत्ता ख बर्ग | १ | २ | १३ | १० | १५ | २४ | २३ | **९८** |
| दलित बालबलिका सुरक्षा भत्ता | ३९ | ३८ | २९ | ३० | २७ | ४२ | ७२ | **२७७** |
| क्षेत्र तोकीएका बालबलिका सुरक्षा भत्ता | ० | ० | ० | ० | ० | १२ | ० | **१२** |
| **जम्मा** | **३६६** | **३३६** | **२५१** | **२७६** | **५०५** | **९१६** | **६१७** | **३२६७** |

ख) मर्ज भइ प्रयोगविहिन रहेका विद्यालय भवनहरुको संरक्षणका लागी आवश्यक कार्यविधि तयार गर्ने ।

ग) श्री संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार काठमाण्डौबाट पर्यटन पुर्वाधार निर्माण तथा पर्यटकीय उपज विकास साझेदारी आयोजनाको माग भएकोमा सोका लागी **विश्व शान्ति उद्यान रुपा गाउँपालिका वडा न १ देखी ७,** अनुमानित कुल लागत रु ४ करोड ९३ लाख २६ हजार १३४ रुपैयाको योजना स्विकृत गरी नियमानुसार स्थानीय तहबाट व्यहोर्नुपर्ने कुल लागतको तिस प्रतिशत बराबरको रकम साझेदारी गर्ने ।

आजको कार्यपालिका बैठक समापन गर्ने ।

रुपा गाउँपालिका कास्की

**प्रस्तावहरुः**

२०७७।०७८-०४।०१ कार्यविधिहरु स्विकृत गर्ने सम्बन्धमा

क) रुपा गाउँपालिका कास्कीको योजना अनुमगन मूल्याङ्कन तथा फरफारक एवं भुक्तानी प्रक्रियालाइ व्यवस्थित गर्न बनेको कार्यविधि, २०७७ पारित गर्ने सम्बन्धमा।

ख) रुपा गाउँपालिकाको कृषि व्यवसाय फर्म दर्ता, नविकरण तथा नियमन गर्न बनेको कार्यविधि, २०७७।

२०७७।०७८-०४।०२ योजना किताब स्विकृत गर्ने सम्बन्धमा

२०७७।०७८-०४।०३ खुदिखोलाको पुल मर्मत खर्च भुक्तानी सम्बन्धमा।

२०७७।०७८-०४।०४ रुपा गाउँपालिका कास्की सेवा करारमा कार्यरत कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा।

२०७७।०७८-०४।०५ रुपा गाउँपालिका कास्कीको आर्थिक बर्ष २०७७।०७८ को श्रावण र भदौ महिनाको आम्दानी खर्च सम्बन्धमा।

२०७७।०७८-०४।०६ कोरोना भाइरस नियन्त्रण रोकथाम सम्बन्धमा।

२०७७।०७८-०४।०७ नदिजन्य पदार्थ उत्खननको ठेक्का स्विकृत सम्बन्धमा।

२०७७।०७८-०४।०८ विपद् व्यस्थापन कोषको रकम खर्च सम्बन्धमा।

२०७७।०७८-०४।०९ बिबिध सम्बन्धमा।

**निर्णयहरुः-**

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०१**

क) रुपा गाउँपालिका कास्कीको योजना अनुमगन मूल्याङ्कन तथा फरफारक एवं भुक्तानी प्रक्रियालाइ व्यवस्थित गर्न बनेको कार्यविधि, २०७७ पारित गर्ने।

ख) रुपा गाउँपालिकाको कृषि व्यवसाय फर्म दर्ता, नविकरण तथा नियमन गर्न बनेको कार्यविधि, २०७७ पारित गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।२**

गाउँपालिकाको परिमार्जित योजना किताव पारित गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०३**

पोखरा महानगरपालिका वडा नं ३० र वडा नं ३२ जोड्ने खुदिखोला पुलमा क्षति पुगेको कारण पुल मर्मतको समयमा प्रयोग भएका निर्माण सामाग्रीहरु ढुङ्गा, खाना खाजा बापतको खर्चसहित अन्य व्यवस्थापकीय खर्च भुक्तानी दिने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०४**

गाउँपालिकामा आर्थिक बर्ष २०७६।०७७ देखी निरन्तर रुपमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद मिति २०७७ साउन १ गतेदेखि लागु हुने गरी २०७८ असार मसान्तसम्मका लागी करार म्याद थप गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०५**

आर्थिक बर्ष २०७७।०७८ को साउन र भदौ महिनामा गाउँपालिकामा भएको निम्नानुसारको आम्दानी खर्चको विवरणउपर छलफल गरी अनुमोदन गरियोः

निम्नः

| क्र स | आम्दानी | | खर्च रकम | मौज्दात रकम | कैफियत |
|---|---|---|---|---|---|
| | श्रोत | निकासा | | | |
| १ | वित्तिय समानिकरण | १ करोड ९५ लाख ५० हजार मात्र | ० | १ करोड ९५ लाख ५० हजार | |
| २ | शसर्त अनुदान संघीय सरकार | ५ करोड ६१ लाख ६४ हजार ६ सय मात्र। | ० | ५ करोड ६१ लाख ६४ हजार ६ सय मात्र। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | राजश्व बाँडफाँड संघिय सरकार | ३३ लाख १० हजार ६०३ मात्र। | ० | ३३ लाख १० हजार ६०३ मात्र। | |
| ४ | आन्तरिक श्रोत | | | | |
| क | अघिल्लो आव को अल्या रकम | ७ करोड ४ लाख ३ हजार ८ सय ६९ मात्र | १४ लाख ६५ हजार २ सय ६४ मात्र। | | |
| ख | गाउँपालिकाको आम्दानी | ३ लाख ५ हजार ६ सय ९९ पैसा ८८ मात्र। | ० | | |
| ग | वडा नं १ को आम्दानी | ६३ हजार ७ सय ८१। | ० | | |
| घ | वडा नं २ को आम्दानी | १९ हजार ९ सय ६२। | ० | | |
| ङ | वडा नं ३ को आम्दानी | १४ हजार ३ सय २२ | ० | | |
| च | वडा नं ४ को आम्दानी | ५७ हजार ९ सय १३ | ० | | |
| छ | वडा नं ५ को आम्दानी | ८० हजार ८ सय ३९ | ० | | |
| ज | वडा नं ६ को आम्दानी | ४२ हजार ५ सय १८ | ० | | |
| झ | वडा नं ७ को आम्दानी | ४८ हजार ३ सय ५१ | ० | | |
| ५ | प्रकोप ब्यवस्थापन कोष | १ करोड २० लाख | १३ लाख १७ हजार ७ सय ६४ । | १ करोड ६ लाख ८२ हजार २ सय ३६ मात्र | |
| कुल जम्मा | | १६ करोड २० लाख ९७ हजार २ सय ८७ पैसा ६० मात्र। | २७ लाख ८३ हजार २८ मात्र | १५ करोड ९३ लाख १४ हजार २ सय ५९ पैसा ६० मात्र | |

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०६**

क) हाल आइसोलेसनमा ६ जना रहेका र क्वारेन्टिनमा १५ जना रहेको जानकारी प्राप्त भयो।

ख) मिति २०७७ भदौ १९ गतेदेखी हालसम्म गाउँपालिकाको क्वारेन्टिन तथा आइसोलन व्यवस्थापनमा भएको खर्च अनुमोदन गरी भुक्तानी गर्ने।

ग) बैकल्पिक सिकाइ सहजिकरण अन्तर्गत समुदायमा सञ्चालित सिकाइ लाइ निरन्तरता दिइ प्रविधिमैत्री सिकाइलाइ जोड दिने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०७**

रुपा गाउँपालिकाभित्रका निम्नानुसार घाटको सम्बन्धमा निम्नअनुसारको निर्णय गर्नेः



रुपा गाउँपालिका कास्की

क) रुपा गाउँपालिका कास्कीको वडा नं ३ मा रहेको मादी नदीको ढुङ्गा गिट्टी बालुवाको कर उठाउने सिलबन्दी दरभाउपत्रमा पि एल विल्डर प्रा लि ले पेश गरेको सिलबन्दी दरभाउपत्र स्विकृत गर्ने।

ख) रुपा गाउँपालिका कास्कीको वडा नं ७ मा रहेको मादी नदीको ढुङ्गा गिट्टी बालुवाको कर उठाउने सिलबन्दी दरभाउपत्रमा घर्ति निर्माण सेवाले पेश गरेको सिलबन्दी दरभाउपत्र स्विकृत गर्ने।

ग) रुपा गाउँपालिका कास्कीको वडा नं १ मा रहेको मादी नदीको ढुङ्गा गिट्टी बालुवाको कर उठाउने सिलबन्दी दरभाउपत्रमा घर्ति निर्माण सेवाले पेश गरेको सिलबन्दी दरभाउपत्र स्विकृत गर्ने।

घ) रुपा गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला भएको रकम रु ३ लाख मात्र आन्तरिक राजश्व खाताबाट धरौटी खातामा ट्रान्सफर गर्ने ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०८**

मिति २०७७।०५।२२ गते राती परेको परेको अविरल बर्षातका कारण रुपा रुपा गाउँपालिका वडा नं ६ बराहथोकमा मृतक सृजनका विकको परिवारमा तत्काल नगद राहत रकम रु ६० हजार र विस्थापित परिवार श्री हरेराम विकको परिवार तथा श्री माया सुनारको परिवारलाइ नगद राहत रकम रु १५ हजारका दरले उपलब्ध गराउने ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०९**

क) हालसम्म गाउँपालिकाबाट भएका कार्यप्रगतिहरुको संक्षिप्त विवरण सहितको **रुपाको संगालो** प्रकाशन गर्ने ।

ख) स्वास्थ्य चौकी रुपाकोटमा औषधि पसल तथा चमेना गृह सञ्चालन तथा सोही भवनको माथी भवनमा कोठा निर्माणको लागी आवश्यक प्रक्रिया अगाडी बढाउने।

ग) कृषि तर्फ बिनियोजित बजेटबाट रु १५ लाखबाट प्लाष्टिक टनेल शिलबन्दी दरभाउपत्रबाट खरिद गरी अध्यक्षस्तरिय निर्णयअनुसार कृषकहरुमा वितरण गर्ने ।

घ) भारतिय राजदुतावाससँग एम्बुलेन्स प्राप्तीको लागी प्रस्तावपत्र पेश गर्ने ।

आजको कार्यपालिका बैठक समापन गर्ने ।

रुपा गाउँपालिका कास्की

**प्रस्तावहरुः**

२०७७।०७८-०५।०१ रुपा गाउँपालिका कास्कीको भूमी बैंक कार्यक्रम सञ्चालन कार्यविधि २०७७।

२०७७।०७८-०५।०२ एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा।

२०७७।०७८-०५।०३ गाउँपालिकामा इन्टरनेट जडान तथा पुनः वायरिङ गर्ने सम्बन्धमा।

२०७७।०७८-०५।०४ नदिजन्य पदार्थ उत्खनन् ठेक्का सम्झौता तथा धरौटी फिर्ता।

**निर्णयहरुः-**

**कार्यपालिका निर्णय नं २०७७।०७८-०५।०१**

रुपा गाउँपालिका कास्कीको भूमी बैंक कार्यक्रम सञ्चालन कार्यविधि २०७७ स्विकृत गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०५।०२**

संघीय सांसद एवं पूर्वस्वास्थ्यमन्त्री माननीय खगराज अधिकारीज्यूको पहलमा भारतिय राजदुतावासबाट प्राप्त भएको एक थान एम्बुलेन्स बुझिलिइ एम्बुलेन्सको नियमित सञ्चालन, आम्दानी र खर्चलाइ सुव्यवस्थित गर्नका लागी रुपा गाउँपालिका वडा नं ६ का वडाअध्यक्ष श्री नारायण गुरुङको संयोजकत्वमा बढिमा ५ सदस्यीय एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०५।०३**

गाउँपालिकामा दैनिक ज्यालादारीमा कामदार खटाइ सामाग्रीहरु गाउँपालिकाबाटै व्यवस्था गर्ने गरी कार्यालयमा वायरिङ तथा इन्टरनेटका लागि विद्युत तार, मिडिया कन्भर्टर, राउटर, विद्युत स्विच, लिष्टि लगायत आवश्यक सामाग्रीहरु खरिद गरी वायरिङ गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०५।०४**

(क) रुपा गाउँपालका वडा नं ३ मा रहेको मादी नदिको ढुङ्गा गिट्टी बालुवा सम्बन्धि शिलबन्दी दरभाउपत्रमा पि एल विल्डर प्रा लि गाउँपालिकाबाट तोकिएको मितिसम्ममा सम्झौताको लागी सम्पर्कमा नआएको निजको धरौटी बापतको रकम रु १ लाख ५० हजार जफत गरी वि स कन्सट्रक्सन प्रा लिको नाममा सम्झौताका लागी सूचना जारी गर्ने।

(ख) रुपा गाउँपालिका वडा नं ७ मा रहेको मादी नदीको घाटमा नदिजन्य पदार्थ उत्खनन सम्बन्धि शिलबन्दी दरभाउपत्र र वडा नं १ मा रहेको मादी नदिको नदिजन्य पदार्थको उत्खनन सम्बन्धी शिलबन्दी दरभाउपत्रमा घर्ति निर्माण सेवाको फर्म स्विकृत भइ निजले तोकेको मितिमा सम्झौता गरी कबुल अंक बराबरको रकम गाउँपालिकामा जम्मा गरिसेकेको देखिन आएकोले प्रकाशित सूचनाअनुसार निज फर्मलाइ निजले कबुल गरेको रकमको दश प्रतिशत बराबरको रकम पुरस्कार स्वरुप उपलब्ध गराउने।

(ग) नदिजन्य पदार्थको ठेक्का स्विकृत भइ गाउँपालिकामा सम्झौता भइसकेका घाटहरुको हकमा शिलबन्दी दरभाउपत्र बोलपत्रदाताहरुले शिलबन्दी दरभाउपत्रसाथ पेश गरेको धरौटी बापतको रकम फिर्ता गर्ने।

आजको कार्यपालिका बैठक समापन गर्ने।

रुपा गाउँपालिका कास्की

**प्रस्तावहरुः**

२०७७।०७८-०६।०१ आव २०७७।०७८ को प्रथम चौमासिक सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा।

२०७७।०७८-०६।०२ नदिजन्य पदार्थ उत्खनन् ठेक्का सम्झौता तथा धरौटी फिर्ता।

२०७७।०७८-०६।०३ कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सम्बन्धमा।

२०७७।०७८-०६।०४ अस्पताल निर्माण तथा व्यवस्थापन सम्बन्धमा।

२०७७।०७८-०६।०५ बिश्वशान्ति माविलाइ रकम निकासा गर्ने सम्बन्धमा।

२०७७।०७८-०६।०६ रामकोट रामादी सडक निर्माणको म्याद थप तथा रकम भुक्तानी सम्बन्धमा।

२०७७।०७८-०६।०७ बिबिध सम्बन्धमा।

**निर्णयहरुः-**

**कार्यपालिका निर्णय नं २०७७।०७८-०६।०१**

रुपा गाउँपालिका कास्कीको वडा नं १ देखी वडा नं ७ वडा कार्यालयहरुबाट प्राप्त सिफारिसपत्रका आधारमा MIS Entry मा सामाजिक सुरक्षा भत्ता पाउने नामावलीमा नाम भएका सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरणका आधारमा नेपाल सरकारको निर्णयका आधारमा अर्थ मन्त्रालयबाट निकासा माग गरी सनराइज बैंक देउराली शाखामार्फत सामाजिक सुरक्षा भत्ता वितरण गराउने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०६।०२**

क) रुपा गाउँपालिका कास्कीको कार्यपालिकाको निर्णय नं २०७७।०७८-०४।०७ अनुसार कास्कीको वडा नं ७ मा रहेको मादी नदीमा नदिजन्य पदार्थ उत्खन्न गर्ने सम्बन्धमा अंक घर्ति निर्माण सेवाको दरभाउपत्र स्विकृत भएकोमा निजले कबोल गरेको भन्दा रु ८० हजार रकम बढी जम्मा गरेको रकम कबोल अंक एकमुष्ठ जम्मा गरेमा १० प्रतिशत बराबरको रकम पुरस्कार स्वरुप फिर्ता गर्ने।

ख) रुपा गाउँपालिका कास्कीको वडा नं १ मा रहेको मादी नदीको नदिजन्य पदार्थ उत्खन्न सम्बन्धमा दर्ता हुन आएका फर्महरुमध्यै सवैभन्दा बढी कबोल अंक घर्ति निर्माण सेवाको निजलाइ एकमुष्ट रकम जम्मा गरेवापतको दश प्रतिशत बराबरको रकम रु १ लाख ३९ हजार ९ सय १९ मात्र घर्ति निर्माण सेवालाइ पुरस्कार स्वरुप फिर्ता गर्ने।

ग) रुपा गाउँपालका वडा नं ३ मा रहेको मादी नदिको ढुङ्गा गिट्टी बालुवा सम्बन्धि शिलबन्दी दरभाउपत्रमा पि एल विल्डर प्रा लि गाउँपालिकाबाट तोकिएको मितिसम्ममा सम्झौताको लागी सम्पर्कमा नआएको निजको धरौटी बापतको रकम रु १ लाख ५० हजार जफत गरी वि स कन्सट्रक्सन प्रा लि को नाममा सम्झौताका लागी अनुमती प्रदान गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०६।०३**

नेपालीहरुको महान पर्व बिजयादशमी तथा दिपावलीको अवसरमा हुनसक्ने भिडभाडलाइ कम गर्ने गरी मानिसहरुको जमघट हुने गरी पिङ खेल्ने तथा मठ मन्दिरहरुमा मानिसहरु भेला भइ हुने पुजाआदीका कार्यहरु नियन्त्रण गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०६।०४**

नेपाल सरकारबाट प्रत्येक स्थानीय तहमा कम्तिमा ५ बेडको अस्पताल निर्माणको लागी आबश्यक बजेट सहितको सहयोग हुने जानकारी प्राप्त भएकोले हाललाइ अर्को व्यवस्था नभएसम्मको लागी रुपाकोट स्वास्थ्य चौकी रहेको भवनमा कम्तिमा १५ बेडको अस्पताल सञ्चालन हुने गरी पूर्वाधार निर्माण गर्नको लागी निम्नानुसारको कार्यहरु अगाडी बढाउनेः

क) उक्त भवनको माथिल्लो तलामा स्वास्थ्यकर्मी आवास गृह निर्माणको लागी भैपरी आउने चालुतर्फको बजेटबाट खर्च लेख्ने गरी उपभोक्ता समिति मार्फत तत्काल कार्य सूचारु गराउने गरी जनसहभागिता सहित रु ४१ लाखको रुपाकोट अस्पताल भवन निर्माण योजना स्विकृत गर्ने।

ख) अस्पताल परिसरमा निजि क्षेत्रबाट सञ्चालन हुने गरि औषधि पसल सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने।

ग) अस्पतालमा रेडियोलोजी भिडियो एक्स रे सेवा सहितको सेवा विस्तारको लागी आवश्यक पुर्वाधार खरिद कार्य अगाडी बढाउने

**कार्यपालिका निर्णय नं २०७७।०७८-०६।०५**

गाउँसभाबाट स्विकृत प्राविधिक विद्यालयहरुको एकिकरण व्यवस्थापन तथा शिक्षक प्रोत्साहन कार्यक्रम अन्गर्गत (बजेट श्रोत राजश्व बाँडफाँड संघीय सरकार) स्विकृत बार्षिक बजेटबाट श्री बिश्वशान्ति मावि रुपा ५ देउराली लाइ प्राविधिक शिक्षा सञ्चालनार्थ करार सेवामा कार्यरत शिक्षकहरुको तलब भत्ता अनुदान स्वरुप रु ८ लाख मात्र रकम उपलब्ध गराउने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०६।०६**

रुपा गाउँपालिका कास्कीको वडा नं ५ देखी वडा नं ७ जोड्ने रामकोट रामादी सडक निर्माण मिति २०७६/०३/२५ मा सम्झौता भएको Construction of Ramkot-Ramadi Road, ठेक्का नं NCB/Works/Rupa/2075-076/3 सम्झौता रकम रु ७ करोड ३१ लाख २ हजार ९२ पैसा ९४ मात्र को हालसम्म भुक्तानी भएको रकम सम्झौता पश्चात रु ६४ लाख, मिति २०७६।५।२९ मा रु ८३ लाख, मिति २०७६।११।१४ मा रु ४६ लाख ९२ हजार ५ सय ८८ पैसा ८३ मात्र, मिति २०७६।१२।३ मा रु १३ लाख २० हजार ७ सय ५७ पैसा ८४ मात्र, मिति २०७७।३।३१ मा रु ३९ लाख ३० हजार ९ सय ८७ मात्र भुक्तानी भएको भुक्तानी माग सहित चौथो रनिङ्ग बिल बापत रु २८ लाख ९४ हजार ५ सय १५ मात्र भुक्तानीको लागी कार्यालयमा बिल पेश भएको व्यहोरा कार्यालयबाट प्राप्त भएकोमा उल्लेखित भुक्तानी रकम अनुमोदन गरी ठेक्का म्याद समाप्त हुने मिति २०७७।६।२४ (सम्झौता भएको मितिले १५ महिना) रहेकोमा बिश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण सिर्जित समस्याका कारण नेपाल सरकारबाट भएको लकडाउन तथा विभिन्न समयमा जारी निषेधआज्ञा तथा सामाजिक दुरी कायम गर्नुपर्ने अबस्थाका कारण निर्धारित समयमा ठेक्का सम्पन्न हुन नसकेको कारण नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।३।२९ को निर्णयअनुसार उक्त ठेक्काको म्याद मिति २०७७।१२।३० गतेसम्मको लागी म्याद थप गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०६।०७**

प्रस्ताव नं २०७७।०७८-०६।०७ माथि छलफल गर्दा आजको कार्यपालिका बैठक समापन गर्ने।

रुपा गाउँपालिका कास्की

**प्रस्तावहरुः**

२०७७।०७८-०७।०१ गाउँपालिकामा इन्टरनेट सेवा विस्तार सम्बन्धमा।

२०७७।०७८-०७।०२ सडक निर्माणको बजेट रकमान्तर सम्बन्धमा।

२०७७।०७८-०७।०३ कोरोना भाइरस नियन्त्रण रोकथाम सम्बन्धमा।

२०७७।०७८-०७।०४ डाँडाको नाक प्रहरी चौकी भवन निर्माण अनुदान उपलबन्ध गराउने सम्बन्धमा।

२०७७।०७८-०७।०५ एम्बुलेन्स करार सम्झौता रद्ध गरी गाउँपालिकाको एम्बुलेन्स सञ्चालनमा ल्याउने सम्बन्धमा।

२०७७।०७८-०७।०६ बिबिध सम्बन्धमाः

आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।

प्रहरी चौकीहरुलाइ मौलापूजा खर्च व्यवस्थापन सम्बन्धमा।

आयुर्वेद शाखामा कार्यालय सहयोगी करार सेवामा नियक्ति सम्बन्धमा।

**निर्णयहरुः-**

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०१**

गाउँपालिकाभित्र इन्टरनेट सेवा विस्तारको लागी World Link Pvt Ltd वाट प्राप्त प्रस्तावको आधारमा गाउँपालिका र इन्टरनेट सेवा प्रदायक संस्था World Link Pvt Ltd र गाउँपालिका विच सम्झौता गरी रुपा गाउँपालिकाभर इन्टरनेट सेवा विस्तारको लागी आवश्यक प्रक्रिया अगाडी बढाउने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०२**

गाउँपालिका अध्यक्षस्तरिय निर्णयअनुसार पेश भएको रामकोट रामादी सडक निर्माण तर्फ विनियोजित बजेटबाट रकमान्तर गरी अनुमोदनको लागी आगामी गाउँसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०३**

कोरोना भाइरस नियन्त्रण तथा रोकथाममा रुपाको पहलकदमी तर्फ निम्नानुसारका कार्यहरु गर्नेः

नेपालीहरुको दशै तिहार नजिकिदै गरेको सन्दर्भमा मानिस मानिस विचको भौतिक दुरी कायम गर्ने अनाबश्यक भिडभाड नगर्ने नगराउने, मठ मन्दिरहरुमा नियमित पूजापाठ मात्र गर्ने तथा सार्वजनिक स्थलमा पिङ खेल्ने तथा मद्यपान गरी होहल्ला गर्ने कार्यहरु बन्द गर्ने गराउने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०४**

डाँडाको नाक प्रहरी चौकीमा महिला तथा बालबालिका सेल भवन निर्माणको लागी गाउँपालिकाको भवन निर्माण तथा मर्मतका लागी समपुरक तर्फ विनियोजित ३० लाखमात्रको बजेटबाट खर्च लेख्ने गरी रु १ लाख मात्र अनुदान उपलब्ध गराउने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०५**

नेपाल रेडक्रस सोसाइटी रुपा ५ सँग मासिक १ लाख २० हजार भाडा, २० हजार सवारी चालकको मासिक सेवा सुविधा २० हजार सहित इन्धन गाउँपालिकाबाट व्यहोर्ने गरी भएको एम्बुलेन्स भाडामा लिनेदिने सम्झौता मिति २०७७ असोज मसान्तदेखी लागुहुने गरी रद्ध गरी गाउँपालिकाको एम्बुलेन्स सञ्चालनमा ल्याउने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०७।०६**

क) बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको क्रममा रुपा गाउँपालिकाद्धारा सञ्चालित क्वारेन्टिनमा मृत्यु भएका रुपा गाउँपालिका स्थाइ निवासी श्री बिश्वबन्धु सार्की को परिवारलाई राहत रु ३ लाख आर्थिक सहायता बापतको रकम उपलब्ध गराउने।

ख) गाउँपालिकाभित्र रहेका भिरचोक प्रहरी चौकी, देउराली प्रहरी चौकी, हंशपुर प्रहरी चौकी तालबेशी प्रहरी चौकीलाइ प्रति प्रहरी चौकी रु १० हजार आर्थिक सहयोग प्रदान गर्ने।

ग) रुपा गाउँपालिका आयुर्वेद शाखामा कार्यालय सहयोगी सेवा करारमा नियुक्त गर्ने।

घ) गाउँपालिकाभित्रका सवै वडा कार्यालयहरुबाट निवेदन माग गरी खानेपानी तर्फको बजेटबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद प्रक्रिया अगाडी बढाउने।

ङ) जिल्ला रेडक्रस सोसाइटी कास्की को भवन निर्माणको लागी गाउँपालिकाको भवन निर्माण तथा मर्मतका लागी समपुरक तर्फ विनियोजित ३० लाखमात्रको बजेटबाट खर्च लेख्ने गरी रु ५ लाख आर्थिक सहयोग प्रदान गर्ने।

च) उपर उल्लेखित निर्णयहरु अनुमोदनका लागी आगामी गाउँसभा बैठकमा पेश गर्ने।

रुपा गाउँपालिका कास्की

**प्रस्तावहरुः**

२०७७।०७८-०८।०१ कोरोना भाइरस नियन्त्रण रोकथाम सम्बन्धमा।
२०७७।०७८-०८।०२ प्लाष्टिक टनेल वितरण सम्बन्धमा।
२०७७।०७८-०८।०३ योजना कार्यक्रम कार्यान्वयन कार्ययोजना सम्बन्धमा।
२०७७।०७८-०८।०४ मेसिनरी औजार खरिद गर्ने सम्बन्धमा।
२०७७।०७८-०८।०५ बिबिध सम्बन्धमाः

आर्थिक सहायता सम्बन्धमा।

**निर्णयहरुः-**

**कार्यपालिका निर्णय नं २०७७।०७८-०८।०१**

क) हालसम्मको आइसोलेसन तथा क्वारेन्टिनको विवरणः

| क्र स | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | हाल गाउँपालिकाबाट निर्माण गरेको क्वारेन्टिनमा रहेको संख्या ७ जना | ७ जना | |
| २ | हाल गाउँपालिकाको आइसोलेसनमा रहेको संख्या | ० | |
| ३ | होम आइसोलसन रहनुभएको | २ | |
| ४ | हालसम्म गाउँपालिकाको क्वारेन्टिनमा बसेको संख्या | २०६ | |
| ५ | हालसम्म गाउँपालिकाको आइसोलेसन बसेको संख्या | २१ | |
| ६ | हालसम्म गाउँपालिकाबाट PCR भएको जम्मा संख्या | ९८० | |
| ७ | हालसम्म PCR मा पोजेटिभ देखीएको संख्या | २३ | |

ख) क्वारेन्टिन तथा आइसोलेसन व्यवस्थापनमा भएको खर्च अनुमोदन तथा भुक्तानी गर्ने।

ग) गाउँपालिकाबाट क्वारेन्टिन तथा आइसोलेसन मा मानिसहरु ओसारपसार गर्ने प्रयोजनका लागी भाडामा लिएको दाजुभाइ ढुवानी सेवाको नाममा रहेको सवारी साधन नं ग ३ च ८९३ सँग भएको ढुवानी सम्झौताअनुसार हालसम्म भुक्तानी हुन बाँकी रहेको रकम भुक्तानी गरी मिति २०७७ कार्तिक २० गतेदेखी लागुहुने गरी निजसँग भएको सम्झौता रद्ध गर्ने।

घ) मिति २०७७ मंसिर १ गतेदेखी लागुहुने गरी गाउँपालिकाबाट सञ्चालित क्वारेन्टिन बन्द गरी सम्बन्धित वडा समितिहरुलाइनै जिम्मेवारी दिइ समुदायस्तरमै क्वारेन्टिन तथा होम क्वारेन्टीनमा व्यवस्थापन गर्नेगरी गाउँपालिकाको क्वारेन्टिन बन्द गर्ने।

ङ) गाउँपालिकाबाट आइसोलेसन निर्माण तथा स्तरोन्ती गर्ने सो बाहेकका कार्यहरुमा समुदायस्तरालाइ नै जिम्मेवार बनाउने गरी सम्बन्धित वडा समितिहरुमार्फत व्यवस्थापन गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०८।०२**

गाउँपालिकाबाट खरिद प्रक्रियामा रहेका जम्मा २०० थान टनेल प्लाष्टिकलाइ हाल प्रति टनेल प्लाष्टिक रु १००० मात्र कृषकले व्यहोर्ने गरी सम्बन्धित वडा कार्यालयहरुबाटै वितरण गर्नेगरी पहिलो चरणमा रुपा गाउँपालिका वडा नं १, २, ३ र वडा नं ४ लाइ १५/१५ थानका दरले र वडा नं ५, ६ वडा नं ७ मा २०/२० थानका दरले पठाउने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०८।०३**

चालु आव २०७७।०७८ का योजनाहरुको प्रभावकारी कार्यान्वयका लागी निम्नानुसारको योजना कार्यान्वय तालिका निर्माण गर्नेः

निम्नः

| क्र स | बिबरण | समयअवधी | कैफियत |
|---|---|---|---|

रुपा गाउँपालिका कास्की

| | | | |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | कार्तिक मसान्त भित्र | |
| २ | लगत इष्टिमेट/प्रस्ताव तयार | कार्तिक मसान्त भित्र | |
| ३ | उपभोक्ता समितिलाइ तालिम | मंसिर १५ भित्र | |
| ४ | योजना तथा कार्यक्रम सम्झौता काम सुरु | मंसिर मसान्तसम्म | |
| ५ | योजना सञ्चालन, सम्पन्न, अनुगमन | चैत्र मसान्त भित्र | |
| ६ | योजनाको भुक्तानी | बैशाख मसान्त सम्म | |

**कार्यपालिका निर्णय नं २०७७।०७८-०८।०४**

गाउँसभाबाट स्विकृत बजेटको परिधिमा रहेर एक थान जेसिवि खरिदका लागी रु ५० लाख मात्र रकम भैपरी आउने चालु खर्च शिर्षकबाट शिर्षकान्तर गरी अनुमोदनका लागी आगामी गाउँसभामा पेश गर्ने गरी सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम मेसिनरी औजार खरिद गर्ने।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०८।०५**

प्रस्ताव नं २०७७।०७८-०८।०५ माथि छलफल गर्दा काउरे गाईभैसी पालन कृषक समूह, रुपा - ७ कास्कीले रुपा ७ मा चिस्यान केन्द्र निर्माणको लागी चिलिङ भ्याट खरिद गरि जडान गरिसकेकोले सो समूहलाइ कृषक समूह गठन कृषक प्रोत्साहन कार्यक्रम रु ५ लाखको बजेटबाट खर्च लेख्ने गरी रु १ लाख ५० हजार मात्र अनुदान बापत रकम उपलब्ध गराउने निर्णय गरियो।

रुपा गाउँपालिका कास्की